स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ८) चित्रेभञ्ज्याङ् ,स्याङ्जा ,पौंष २० गते ,२०८१ (सख्या १

भाग - १

स्थानीय सरकार

हरिनास गाउँपालिका

चित्रेभञ्ज्याङ् ,स्याङ्जा ,गण्डकी प्रदेश,नेपाल

हरिनास गाउँपालिका कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको स्थानीय (मदिराजन्य) पेय पदार्थ व्यवस्थापन र ब्रान्डीङ गर्न बनेको ऐन, २०८१ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# स्थानीय (मदिराजन्य) पेय पदार्थ व्यवस्थापन र ब्रान्डीङ गर्न बनेको ऐन,२०८१

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र उद्देश्य अनुसार स्थानीय सरकारले स्थानीय उत्पादनको प्रोत्साहनका लागि विभिन्न ऐन, नियम तथा कार्यविधिहरु बनाउन सक्ने, स्थानीय राजस्वको आधार निर्माण तथा प्रबर्धन गर्ने भनि स्पष्ट लेखिएकोले स्थानीयबासीले परापूर्व कालदेखि उत्पादन र बिक्रिवितरण गरि जीविकोपार्जन गर्दै आइरहेको स्थानीय (मदिराजन्य) पेय पदार्थलाई ब्राण्डीङ गर्ने लक्ष्य प्राप्तिका लागि यो ऐन तयार पारिएको छ । यस ऐनले परापूर्व कालदेखि धार्मिक, संस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणिक पेय पदार्थको रूपमा प्रयोग हुँदै आएको स्थानीय पेय पदार्थलाई परम्परागत शैलीमै उत्पादन, भण्डारण तथा उपयोग गर्न विभिन्न प्रविधिको प्रयोग गरी वैज्ञानिक व्यवस्थापन गर्नेछ ।

यो ऐनको उद्देश्य खेर गैरहेका फलफूललाई मूल्य शृंखलामा जोड्नु, बहुमुल्य जडिबुटीहरूलाई उपयोग गर्ने, स्थानीय अन्न तथा बालीहरू उत्पादनको लागि उत्प्रेरणा प्रदान गर्नु, दीर्घकालिन अर्थतन्त्रको मेरुदण्ड तयार पार्नु र उत्पादन गरिरहेका कृषकहरूलाई सामाजिक पहिचान दिनु हो । हरिनास गाउँपालिकाभित्र स्थानीय रूपमा उत्पादित (मदिराजन्य) पेय पदार्थलाई गुणस्तरीय रुपमा उत्पादन, संकलन, भण्डारण, गुणस्तर नियन्त्रण, बिक्री-वितरण, व्यवस्थापन र निकासी गरी

स्थानीय अर्थतन्त्रलाई स्थानीय रूपमै सबल पार्न, स्थानीय स्तरको (मदिराजन्य) पेय पदार्थमा आधारित

अर्थतन्त्रलाई व्यवस्थित गर्न, स्थानीय स्तरमा खेर गैरहेका विभिन्न किसिमका फलफूल तथा जङ्गली फलफूल, जडिबुटीहरू, अन्न बालीहरूको प्रवर्द्धन गरी आर्थिक हित कायम गर्न तथा अव्यवस्थित रुपमा गरिएका र गरिने सम्पूर्ण मदिराको उत्पादन, बिक्री वितरण, व्यवस्थापन र निकासी पैठारी नियन्त्रण गर्नको लागि यो ऐन जारी गरिएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः-**

- यस ऐनको नाम "स्थानीय (मदिराजन्य) पेय पदार्थ व्यस्थापन ऐन २०८१" रहेको छ ।
- यो ऐन हरिनास गाउँपालिकाभित्र लागू हुनेछ ।
- यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "स्थानीय (मदिराजन्य) पेय पदार्थ" भन्नाले धार्मिक, सांस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणिक पेय पदार्थको रूपमा प्रयोग हुँदै आएको स्थानीयले घरमै उत्पादन गरेको स्थानीय पेय पदार्थ, (अन्न, फलफूल, जडिबुटी वा अन्य कुनै वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको पेय पदार्थ) सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ तथा अन्य (मदिराजन्य) पेय पदार्थलाई जनाउँछ ।

(ख) "उत्पादन" भन्नाले स्थानीय (मदिराजन्य) पेय पदार्थ तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने, जैविक मर्चा (जडिबुटी) मिसाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा स्थानीय (मदिराजन्य) पेय पदार्थ तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले हरिनास गाउँपालिकाद्वारा यस ऐन बमोजिम स्थानीय (मदिराजन्य) पेय पदार्थ उत्पादन, बिक्री वितरण निकासी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) “प्रविधि” भन्नाले हरिनास गाउँपालिकाद्वारा तयार पारिएको उत्पादन, संकलन, गुणस्तर परिक्षण तथा ब्राण्डीङ गर्नको लागि निर्दिष्ट गरिएको “वेब" तथा “मोबाइलमा" आधिरित प्रविधि सम्झिनु पर्नेछ ।

(ङ) “उत्पादक” भन्नाले गाउँपालिकाद्वारा अनुमतिपत्र प्राप्त गरेको स्थानीय (मदिराजन्य) पेय पदार्थ उत्पादन गर्ने व्यक्ति वा समूहलाई जनाउने छ ।

(च) “सङ्कलन केन्द्र” भन्नाले उत्पादकले उत्पादन गरेको स्थानीय (मदिराजन्य) पेय पदार्थ सङ्कलन गर्नको लागि गाउँपालिकाले निर्दिष्ट गरेको संकलन केन्द्र भन्ने बुझिने छ ।

(६) “प्रयोगशाला” भन्नाले सङ्कलन केन्द्रमा सङ्कलन गरिएको स्थानीय (मदिराजन्य) पेय पदार्थको ब्राण्डीङका लागि आवस्यक पर्ने, गाउँपालिकाद्वारा निर्दिष्ट गरेका विभिन्न खालका परिक्षण गर्ने स्थान भन्ने बुझिनेछ । यस प्रयोगशालामा स्थानीय (मदिराजन्य) पेय पदार्थको रङ, गुण, स्वाद, गन्ध लगायत मर्चा तथा अन्य विभिन्न जडिबुटीहरूको समिश्रण तथा मदिराको गुणवत्ता निर्धारण पनि गरिनेछ ।

**३.स्थानीय (मदिराजन्य) पदार्थको उत्पादनमा नियन्त्रण**

- कुनै व्यक्तिले गाउँपालिकाले प्रदान गर्ने अनुमतिपत्र बेगर उत्पादन गर्न पाइने छैन ।
- अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको मापदण्ड र सर्त बमोजिम बाहेक उत्पादन गर्न पाइने छैन ।
- (मदिराजन्य) पेय पदार्थ उत्पादनको लागि पालिकाले निर्दिष्ट गरेको प्रविधिको प्रयोग गरी पूर्व स्वीकृति लिनु पर्नेछ, प्रविधिको पूर्व स्वीकृति बिना उत्पादन गर्न पाइने छैन ।

**४.मदिराको बिक्री वितरणमा नियन्त्रण**

कुनै व्यक्तिले पालिकाले प्रदान गर्ने अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरापान गराउने बार, रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

**५.मदिराजन्य पेय पदार्थ उत्पादन तथा बिक्री वितरणमा बन्देज**

- अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई (मदिराजन्य) पेय पदार्थ बिक्री वितरण गर्न बन्देज गरिएको छ ।
- अठार वर्षको उमेर पूरा नगरेको व्यक्ति (मदिराजन्य) पेय पदार्थ बिक्री वितरणको लागि समेत अयोग्य हुनेछ ।

- प्रयोगशालाबाट प्रमाणित गरिएको (मदिराजन्य) पेय पदार्थ बाहेक अनधिकृत रुपमा उत्पादित कुनैपनि (मदिराजन्य) पेय पदार्थ वितरण गर्न बन्देज गरिएको छ ।
- बिक्रीकर्ताले गाउँपालिकाबाट स्वीकृति लिएको र तोकिएको स्थानमा बाहेक अन्यत्र बिक्री वितरण गर्न पाउने छैन ।
- स्थानीय (मदिराजन्य) पेय पदार्थ उत्पादन गर्दा जैविक प्राकृतिक मर्चा वा गाउँपालिकाबाट अनुमति दिइएको बाहेक अन्य कुनै अप्राकृतिक वस्तु प्रयोगमा सख्त बन्देज गरिएको छ ।
- स्थानीय (मदिराजन्य) पेय पदार्थ उत्पादन गर्दा फ्याक्ट्रीमा उत्पादित "मोलासिस" र "रेक्टिफाइड स्प्रिट" जस्ता अप्राकृतिक पदार्थ प्रयोग गर्न बन्देज गरिएको छ ।

## ६.अनुमतिपत्रको लागि निवेदन दिनुपर्ने

- स्थानीय (मदिराजन्य) पेय पदार्थको उत्पादन, बिक्री वितरण, निकासी गर्न चाहनेले अनुमतिपत्र लिनको लागि अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

- अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा तोकिए बमोजिमको शर्त र मापदण्डको अधीनमा रही स्थानीय (मदिराजन्य) पेय पदार्थको उत्पादन, बिक्री वितरण, निकासी गर्न तोकिएको दस्तुर लिई अनुसूचीमा तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

- अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई अनुमतिपत्र दिइने छैन ।

## ७.अनुमतिपत्रको अवधि र नवीकरण

- अनुमतिपत्रको अवधि र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

## ८.अनुमतिपत्र रद्द गर्न सक्ने

स्थानीय (मदिराजन्य) पेय पदार्थ व्यवस्थापनको लागि गाउँपालिकाले तोकेको अधिकारीले उत्पादन तथा बिक्रीको लागि दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) अनुमतिपत्र नवीकरण नगरेमा,

(ख) गाउँपालिकाले निर्दिष्ट गरेको मापदण्ड तथा अनुमतिपत्रमा तोकिएका सर्त उल्लङ्घन गरेमा,

(ग) स्थानीय (मदिराजन्य) पेय पदार्थको उत्पादन तथा बिक्री वितरणमा बन्देज गरिएका कुनै पनि कार्य गरेमा ।

**९.लागू नहुने अवस्था**

- यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा स्थानीय (मदिराजन्य) पेय पदार्थ बनाउन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनुपर्ने छैन ।

**१०.खानतलासी र कब्जा गर्न सक्ने**

(१) कुनै स्थानमा यस ऐनविपरित कार्य गरेको छ भन्ने मनासिब कारण भएमा गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ ।

(२) खानतलासी गर्दा गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारीले खानतलासी गर्नुपर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ ।

(३) खानतलासी गर्दा यस ऐन विपरित कार्य भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ ।

(४) कुनै व्यक्तिले ऐन तथा निर्दिष्ट गरिएको मापदण्ड र सर्त विपरित कार्य गरेको वा गर्न लागेको छ भन्ने लागेमा गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारीले स्थानीय प्रहरीको प्रयोग गरी आवश्यक कारबाही अगाडी बढाउन सक्नेछ ।

(५) गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा स्थानीय वडा प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

**११.स्थानीय सरकारलाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असूल गर्न**

-यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले स्थानीय सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट गाउँपालिकाले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**१२.दुःख दिने नियतले खानतलासी, कब्जा वा गिरफ्तार गर्नेलाई सजाय**

- यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुर्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने

वा कसैलाई अनावश्यक क्षति वा चोट पु-याउने वा पु-याउन लगाउने व्यक्तिलाई गाउँपालिकाको न्यायिक समितिको निर्णयअनुसार सजाय हुनेछ ।

**१३.दण्ड सजाय**

(१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

**१४.मदिरा तथा अन्य सामानको जफत र बिक्री**

(१) कुनै व्यक्तिले यस ऐन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा स्थानीय अधिकारीले जफत गर्नेछ ।

(२) जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा स्थानीय अधिकारीले तोकिए बमोजिम स्थानीय (मदिराजन्य) पेय पदार्थ व्यवस्थापन गर्न बनेको प्रयोगशालामा पठाउने छ ।

(३) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु स्थानीय अधिकारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ ।

तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी नरहेको अवस्थामा प्रयोग गरिएको भए त्यस्तो सवारी साधन जफत हुने छैन ।

**१५.सहयोग गर्नु पर्ने**

-यस ऐन अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा स्थानीय अधिकारी वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

**१६.मुद्दा हेर्ने अधिकारी**

(१) स्थानीय (मदिराजन्य) पेय पदार्थ सम्बन्धी कुनै पनि मुद्दामा सुरु कारबाही र किनारा गर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको न्यायिक समितिलाई हुनेछ ।

**१७.नियम, सर्त तथा मापदण्ड बनाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यन्वयन गर्न हरिनास गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी विभिन्न नियम, सर्त तथा मापदण्डहरू बनाउन सक्नेछ ।

**१८.बचाउ**

यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित नेपाल कानुन बमोजिम मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमति प्राप्त कम्पनीलाई यस ऐनले बाधा पुर्याएको मानिने छैन ।

आज्ञाले,

शिव कुमार पौडेल

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय (मदिराजन्य) पेय पदार्थ व्यवस्थापन र ब्रान्डिङ गर्न बनेको ऐन,२०८१